प्रस्तावहरु

१. बृक्षारोपण सम्बन्धमा ।

२. दैनिक भ्रमण भत्ता सम्बन्धमा ।

३. नगर सडक गुरुयोजना सम्बन्धमा ।

४. आर्थिक सहयोग सम्बन्धमा ।

५. सडक निर्माण विस्तार सम्बन्धमा ।

६. सुधारिएको चुलो सम्बन्धमा ।

७. नेपाली कला संस्कृति प्रबर्धन सम्बन्धमा ।

८. बिजुली, खानेपानी तथा सिंचाई सम्बन्धमा ।

निर्णय नं १

प्रस्ताव नं १ उपर छलफल गर्दा हरियाली नगर (Green City) को अवधारणलाई साकार पार्न यस मध्यनेपाल नगरपालिकाको विभिन्न क्षेत्र जस्तै भोर्लेटार, दुईपिप्ले एरिया सडकको केन्द्रबाट दायाँ बायाँ १० । १० मिटर छोडी शिलबन्दी कोटेशन मार्फत आगामी जेष्ठ मसान्त भित्र बृक्षारोपण गर्ने निर्णय गरियो ।

निर्णय नं २

प्रस्ताव नं २ उपर छलफल गर्दा नगर प्रमुख, उप-प्रमुख सहित नगर कार्यपालिकाका सदस्यहरु नगरपालिकाको काममा स्वदेश वा विदेशमा भ्रमण गर्दा कन्टीन्जेन्सी बाट व्यायभार पर्ने गरी दैनिक भ्रमण भत्ता दिने निर्णय गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ उपर छलफल गर्दा नगर भित्र नगरबस संचालन र व्यवस्थापन गर्ने नगरपालिकाको कार्यक्रमलाई सहजीकरण गर्न, नगर सडक गुरुयोजना तयार गर्ने निर्णय गरियो ।

निर्णय नं ४

प्रस्ताव नं ४ उपर छलफल गर्दा नगरपालिका भित्र बसोबास गर्ने अति विपन्न नागरिक आगलागी, बाढी पहिरो जस्ता दैवी विपत्तीमा परेमा त्यस्ता नागरिकलाई नगर प्रमुखको लिखित तोक आदेशबाट रु २,००० देखि २०,०००/– सम्म आर्थिक सहायता दिने निर्णय गरियो । साथै अत्यन्त कमजोर आर्थिक अवस्था भई स्वास्थ्य उपचार गराउन नसकेका बिरामीलाई समेत नगर प्रमुखले उपचार गर्दा लागेको बिल हेरी लिखित तोक आदेश गरी २,००० देखि २०,०००/– सम्म आर्थिक सहायता दिने निर्णय गरियो । उक्त खर्चको व्ययभार भैपरी आउने चालु खर्चबाट व्यहोरिने छ ।

निर्णय नं ५

प्रस्ताव नं ५ उपर छलफल गर्दा बाढी, पहिरो, नदी कटान लगायतका विविध कारणले नगर क्षेत्र भित्रका सडक  मर्मत संभार गर्न परेमा नगर भैपरी आउने पूँजिगत खर्च बाट व्यायभार पर्ने गरी सडक मर्मत, संभार गरी सूचारु गर्ने निर्णय गरियो ।

निर्णय नं ६

प्रस्ताव नं ६ उपर छलफल गर्दा दलित, लोपोन्मूख, आदिवासी जनजाति लगायतका लक्षित वर्गका लागि स्वच्छ उर्जा कार्यक्रम अन्तरगत फलामे सुधारिएको चुलो जडान गर्न इच्छुक महानुभावसँग निवेदन माग गरी प्राप्त निवेदन सम्बन्धीत निकायमा पठाउने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ उपर छलफल गर्दा परम्परागत रुपमा चलि आएका कला, संस्कृति एवं परम्परागत धरोहरहरुको संरक्षण गर्न साथै महिला, बालबालिका तथा युवा खेलकुद प्रबर्द्धन सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिन नगर प्रमुखको लिखित तोक आदेशबाट रु २००० देखि २५०००/– सम्म प्रोत्साहन स्वरुप आर्थिक सहयोग दिने निर्णय गरियो ।

निर्णय नं ८

प्रस्ताव नं ८ उपर छलफल गर्दा नगरवासीलाई विधुत, खानेपानी तथा सिंचाई सम्बन्धी यावत समस्याहरुबाट बञ्चित हुन नपारोस् भन्ने मनशायले उल्लेखित विषयमा नगर कार्यपालिकाको बैठकबाट बजेट विनियोजन गरी नगर प्रमुखको आदेश अनुसार भैपरि आउने पूँजिगत खर्चबाट व्यायभार हुने गरी आवश्यक आर्थिक सहयोग गर्ने निर्णय गरियो ।